# चौरजहारी नगरपालिका रुकुम (पश्चिम) को नगर बस (सञ्चालन तथा व्यवस्थान) सम्बन्धि कार्यविधि,२०७५

नगरकार्यपालिकाबाट स्वीकृत मितिः२०७५।०६।२०

**प्रस्तावना** : नगरक्षेत्रभित्र यात्रुहरुको आवागमनलाई सरल सहज र सुलभ बनाउनको लागि नगर यातायातलाई सुरक्षित र व्यवस्थित गर्न नगरपालिकाले नगर वस सञ्चालन तथा व्यवस्थापन गर्न वाञ्छनीय भएकोले चौरजहारी नगरकार्यपालिकाले यो कार्यविधि जारी गरेको छ ।

## परिच्छेद-१

## प्रारम्भिक

**१. संक्षिप्त नाम र प्रारम्भः** (१) यो कार्यविधिको नाम " चौरजहारी नगरपालिका रुकुम (पश्चिम) को नगर बस (सञ्चालन तथा व्यवस्थान) सम्बन्धि कार्यविधि,२०७५" रहेको छ ।

२. यो कार्यविधि नगरकार्यपालिकाबाट स्वीकृत भएको मिति देखि लागू हुनेछ ।

२. परिभाषाः विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,

(क) "नगरपालिका" भन्नाले चौरजहारी नगरपालिका सम्झनु पर्छ ।

(ख) "बस सेवा" भन्नाले दफा ३(१) बमोजिम सञ्चालित नगर बस सेवा सम्झनु पर्छ ।

(ग) "रुट" भन्नाले दफा ४(१) बमोजिम तोकिएको स्थान सम्झनु पर्छ ।

(घ) "समय" भन्नाले दफा ५(१) बमोजिम निर्धारण गरिएको समय सम्झनु पर्छ ।

(ङ) "संख्या" ३(२) भन्नाले दफा ३(२) बमोजिमको बस संख्या सम्झनु पर्छ ।

(च) "नगर क्षेत्र" भन्नाले चौरजहारी नगरपालिका भित्रपर्ने भौगोलिक क्षेत्र सम्झनु पर्छ ।

(छ) "सहुलियतपूर्ण" भन्नाले रुटको लागि प्रचलित भाडादर भन्दा कम भाडा दर सम्झनुपर्छ ।

(ज) "सहजकर्ता" भन्नाले भाडा संकलनको लागि नियुक्त कर्मचारी सम्भनुपर्छ सो शब्दले यात्रुहरुलाई व्यवस्थित रुपले चढाउन, ओराल्न र बसभित्र बसाउनका लागि खटिएको व्यक्तिलाई समेत जनाउछ ।

## परिच्छेद-२

## यातायात सेवा सञ्चालन तथा व्यवस्थापन सम्बन्धि व्यवस्था

**३. बस सेवा सञ्चालन तथा व्यवस्थापन** : (१) नगरबासीको आवागमनलाई व्यवस्थित गर्न नगरक्षेत्र भित्र नगर बस सेवा सञ्चालन र व्यवस्थापन गर्न सक्नेछ र यो सेवा सहुलियतपूर्ण हुनेछ ।

(१) उपदफा (१) बमोजिमको सेवाको सञ्चालन र  व्यवस्थापन शुरुमा नगरपालिका आफैले गर्नेछ तर आवश्यक ठानेमा नीजि तथा सहकारी क्षेत्रलाई समेत संलग्न गराउन सक्नेछ ।

## परिच्छेद-३

## बसको रुट र संख्या सम्बन्धि व्यवस्था

**४. बसको रुट र संख्याः** (१) शुरुमा यो यातायात सेवा चौरजहारी बसपार्क देखि मेलैनाउली,नार्जी,चौफा हुँदै  नुवाकोट डाँडासम्म सञ्चालन गरिनेछ  र आवश्यकता तथा माग बमोजिम नगरपालिकाका अन्य क्षेत्रमा समेत विस्तार गर्दै लगिनेछ ।

(२) प्रारम्भमा ३ वटा बस सञ्चालन गरिनेछ र यात्रुको चाप तथा सेवा विस्तारको आधारमा संख्या थप गर्दै लगिनेछ ।

## परिच्छेद-४

## समय, भाडा दर तथा संकलन र व्यवस्थापन सम्बन्धि व्यवस्थाः

**५.समय, भाडा दर निर्धारण** : (१) बस सञ्चलन हुने समय शुरुमा विहान र बेलुका हुनेछ भने आवश्यकता अनुसार नगरपालिकाले अन्य समय समेत तय गर्नेछ ।

सञ्चालित रुटमा दूरी तथा लागतका आधारमा नगरपालिकाले यात्रुहरुका लागि सहुलियतपूर्ण भाडादर निर्धारण गर्नेछ ।

**६. भाडा संकलन तथा व्यवस्थापनः** (१) भाडा संकलनका लागि नगरपालिकाले  निर्धारित दर बमोजिमका वीलहरुको व्यवस्था र एकजना सहजकर्ताको परिचालन गर्नेछ । संकलित

रकम प्रत्येक दिन नगरपालिकामा बुझाउनु पर्नेछ र उक्त रकम नगरपालिकाको सञ्चित कोषमा जम्मा हुनेछ ।

**पूनश्चः “रकम” भन्नाले भाडा संकलनबाट प्राप्त आम्दानी सम्झनुपर्छ ।**

(२) उपदफा (१) बमोजिमको रकम बस सेवा सञ्चालन तथा व्यवस्थापनको लागि खर्च गरिने भने बाँकी रकम कोषमा नै रहनेछ र नगरपालिकाले आवश्यकता अनुसार खर्च

गर्नेछ ।

## परिच्छेद-५

## खरिद प्रक्रिया र श्रोत सम्बन्धि व्यवस्था

**७.बस खरिद प्रक्रिया**: बस सेवा सञ्चालनको लागि आवश्यक नगर बसको खरिद प्रक्रिया विद्यमान सार्वजनिक खरिद ऐन तथा नियमाबली बमोजिम हुनेछ ।

**८.श्रोतको व्यवस्था** : नगरबस खरिदको लागि नगरपालिकाले विद्यमान संविधान र प्रचलित कानूनको अधिनमा रही आन्तरिक ऋृण लिई आवश्यक श्रोतको व्यवस्था गर्नेछ भने ऋणको भुक्तानी प्रक्रिया प्रचलित कानून बमोजिम हुनेछ ।

**८क ऋृण भुक्तानी गरिसक्नुपर्ने अवधिः** प्राप्त ऋृणको सम्पूर्ण सावाँ ब्याजको भुक्तानी ऋृण प्राप्तीको मितिले ५(पाँच) वर्षभित्र नगरपालिकाले गरि सक्नु पर्नेछ ।

८ख.**जिम्मेवारी तोक्ने** : ऋृण सम्बन्धि कामकाज गर्न नगरपालिकाले नगरपालिकाको जिम्मेवार कर्मचारीलाई जिम्मेवारी तोक्न सक्नेछ ।

८ग. **खाताको व्यवस्था र सञ्चालनः** ऋृण सम्बन्धि कारोबारको लागि नगरपालिकामा छुट्टै खाता रहनेछ र सो को सञ्चालन तोकिएका अधिकारीहरुको संयुक्त दस्तखतबाट हुनेछ ।

## परिच्छेद-६

## विविध

**९. जनशक्तिको व्यवस्थपान** : (१) बस सेवा सञ्चालनको लागि नगरपालिकाले आवश्यक जनशक्तिको व्यवस्था गर्ने छ।

**१०. सेवा, शर्त र सुविधा :**(१) बस सेवा सञ्चालनको लागि नियुक्त जनशक्तिको सेवा,शर्त र सुविधा नगरपालिकाले तोके बमोजिम हुनेछ।

**११.मापदण्ड सम्बन्धि व्यवस्थाः** (१) बस सेवा सञ्चालनका सम्बन्धमा नगरपालिकाले आवश्यक मापदण्ड जारी गर्न सक्नेछ।

**१२.परिमार्जन तथा संशोधनः** (१) नगरकार्यपालिकाले आवश्यकता अनुसार कार्यविधिमा परिमार्जन तथा संशोधन गर्न सक्नेछल।

**१३.यसै कार्यविधि बमोजिम भएको मानिने** : यसभन्दा अगाडि नगरपालिकाबाट भए गरेका नगर बस सेवा सञ्चालन सम्बन्धि कार्य यसै कार्यविधि बमोजिम भएको मानिने छ।

---

८क,८ख,८ग पहिलो संशोधनबाट थप गरिएको